


Research Management Cell (RMC)
JANAJYOTI MULTIPLE CAMPUS, Lalbandi Sarlahi
JANAJYOTI JOURNAL

ISSN: 2961-1563 (Print)

# ‘मनुमञ्जरी’ खण्डकाव्यको विधातात्त्विक विश्लेषण

विवश पौडेल
bibashpaudel59@gmail.com

## सार

*प्रस्तुत लेखमा खण्डकाव्यकार कुमार दाहाल कुसुमद्वारा रचना गरिएको ‘मनुमञ्जरी’ खण्डकाव्यको विधातात्त्विक विश्लेषण गरिएको छ। यस खण्डकाव्यलाई तत्त्वगत आधारमा विश्लेषण गर्नु नै यो अध्ययनको मुख्य उद्देश्य रहेको छ । यहाँ खण्डकाव्यका तत्त्व (कथानक, पात्र, परिवेश, केन्द्रीय कथ्य, संरचना र लयविधान, बिम्ब, प्रतीक र अलङ्करण प्रविधि, कथन पद्धति र भाषाशैली तथा शीर्षकीकरण) लाई मनुमञ्जरी खण्डकाव्यको विश्लेषणको मुख्य सैद्धान्तिक आधार बनाइएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरी निष्कर्ष निकालिएको छ । यसर्थ यो अध्ययन निगमनात्मक ढाँचामा आधारित सैद्धान्तिक प्रकृतिको अध्ययन हो । जीवनभोगाइका क्रममा मान्छेले मान्छेलाई हेर्ने दृष्टिकोण, मान्छेले गर्ने व्यवहार, मान्छेको स्वभाव र प्रकृति, मानवीय भावना तथा चिन्तनलाई प्रकृतिको बिम्बका माध्यमबाट केलाइएको सन्दर्भलाई यस अध्ययनमा खोजिएको छ । प्रकृति र मानव स्वभावको चर्चाका आधारमा यो लोकप्रेरित आख्याननिरपेक्ष प्रकृतिप्रेमी आदर्शवादले ओतप्रोत खण्डकाव्य हो । वस्तुस्रोत र विषय चर्चाका आधारमा ‘मनुमञ्जरी’ खण्डकाव्य प्राकृतिक पात्रलाई मानवीकरण गरिएको एक सन्देशप्रदायक खण्डकाव्य हो भन्ने निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दावली :** आख्याननिरपेक्ष, कथानक, पात्रविधान, बिम्ब प्रतीक विधान, भाषाशैली, लयविधान ।

## अध्ययनको पृष्ठभूमि

सर्लाही जिल्लामा जन्मिएका कुमार दाहाल कुसुम विशेषतः छन्द काव्य रचनामा कलम चलाउने साहित्यकार हुन् । एक शिक्षक, एक कवि, एक असल समाजसेवीका रूपमा परिचित कुसुमलाई प्रकृतिप्रेमी, आदर्शवादी तथा समाजसुधारमुखी साहित्यकारका रूपमा लिन सकिन्छ । प्रस्तुत लेख उनै कुमार दाहाल कुसुमद्वारा रचित 'मनुमञ्जरी' खण्डकाव्यको विधातात्त्विक विश्लेषणसँग सम्बन्धित छ । खण्डकाव्यकार कुसुमले नेपाली साहित्यका विशेषतः पद्यअन्तर्गतका कविता, गजल, मुक्तक र खण्डकाव्य विधाको रचना गरेका छन् । उनका अध्याय (संयुक्त गजलसङ्ग्रह, २०७३) र सर्लाहीका प्रतिनिधि गजलकार (संयुक्त गजलसङ्ग्रह, २०७७) कृतिहरू प्रकाशित छन् भने उनका महाकाव्य, गजल र अन्य कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । यी विधाहरूमा खण्डकाव्यकारको लेखनशिल्पगत प्रवाह प्रखर रहेको छ । खण्डकाव्यको विधागत यात्रामा कविले समाजमा देखिएका मानवीय व्यवहार, सोच, प्रवृत्ति आदिलाई प्राकृतिक तथ्यका रूपमा प्रस्तुत गरेका छन् । समाजका विकृतिलाई कोट्याएर सुधारको अपेक्षा गर्नु खण्डकाव्यकारको मुख्य देन हो । पूर्वीय काव्य मान्यताअनुसार साहित्य अर्थात् काव्य मनुष्यलाई सत्कार्यमा प्रवृत्त गराउने एवम् असत् पदार्थबाट निवृत्त गराउने खालको हुन्छ र काव्यको शिक्षाप्रद शैली पनि भिन्न रहन्छ (पौड्याल, २०६८, पृ. ३३) । यस विषयलाई यो अध्ययनीय खण्डकाव्यले शीर्षकीकरणदेखि मूल कथ्यसम्म पुगेर समेटेको देखिन्छ ।

साहित्य भाषालाई माध्यम बनाई प्रकृति वा जीवन-जगत्का यथार्थको मानवीय काल्पनिक प्रतिबिम्बन स्वरूप कलात्मक वस्तु (त्रिपाठी, २०६६, पृ. २४) हुनुपर्ने विषयलाई यहाँ समावेश गरिएको छ। पूर्वीय चिन्तनका आधारमा काव्यले पाठकमा आल्हाद प्रदान गर्नुपर्छ। मानव जीवनको रमणीय अर्थ प्रतिपादन गर्ने शब्द काव्य हो (रमणीयार्थप्रतिपाक शब्द काव्यम्) (जगन्नाथ, सन् २०२०) । खण्डकाव्यकारले यस खण्डकाव्यको रचना गरेर नेपाली खण्डकाव्यको स्थानमा एक ऐतिहासिक स्थान ओगट्न सफल भएका छन् । वास्तवमा काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर शृङ्खलित रूपमा बिचैबाट उठेर बिचैमा टुङ्गिएको, सर्गबन्धन, सन्धिबन्धनहरू नभएको, छोटो काव्यलाई खण्डकाव्य भनिन्छ (शर्म्मा, २०५८, पृ. ९२) । यिनै आधार र विषयवस्तुगत चिन्तनका दृष्टिले पूर्वीय काव्यमान्यतालाई

यो खण्डकाव्यले समेटेको देखिन्छ । शैली, शिल्प, संरचना, भाव र शिक्षाका हिसाबले यो खण्डकाव्यलाई मूल्याङ्कन गर्नु उपयुक्त देखिएको हो । अतः यस अध्ययनमा तत्त्वगत आधारमा मनुमञ्जरी खण्डकाव्यको विधागत संरचनाको सिद्धान्त अनुरूप अध्ययन विश्लेषण गर्ने मूल उद्देश्य लिइएको छ । खण्डकाव्यगत स्वरूप र संरचनागत आधारमा यो कृति अध्ययनीय देखिएको हो ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनमा कुमार दाहाल कुसुमद्वारा लिखित मनुमञ्जरी खण्डकाव्यलाई खण्डकाव्यभित्र हुनुपर्ने तत्त्वका आधारमा व्याख्या विश्लेषण गरिएको छ। यसमा खण्डकाव्यका अन्तर्वस्तुका आधारमा काव्यिक संरचना र मूल आशयलाई केलाइएको छ । खण्डकाव्यको आन्तरिक र बाह्य संरचनाका आधारमा मनुमञ्जरी खण्डकाव्यको विधातात्त्विक विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका सामग्रीहरू प्रयोग गरिएका छन् । यसमा खण्डकाव्यकार कुमार दाहाल कुसुमको मनुमञ्जरी खण्डकाव्य प्राथमिक स्रोत सामग्रीका रूपमा रहेको छ। यसरी नै खण्डकाव्यको संरचना, सिद्धान्त, पूर्वीय काव्य चिन्तन, साहित्य चिन्तन आदिसँग सम्बद्ध अनुसन्धेय सामग्री तथा सन्दर्भ पुस्तकलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । यसर्थ यो लेख पुस्तकालयीय अध्ययन विधिमा आधारित सैद्धान्तिक प्रकृतिको लेख हो । तथ्याङ्क विश्लेषणका सन्दर्भमा खण्डकाव्यमा प्रयुक्त विषयवस्तु, घटना, पात्र, परिवेश, दृष्टिबिन्दु आदिको पहिचान गरी सिद्धान्त तथा समालोचनासम्बद्ध सामग्रीका आधारमा निष्कर्ष निकालिएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । यसलाई सम्पन्न गर्न वर्णनात्मक शैलीलाई अपनाइएको छ ।

### खण्डकाव्य विश्लेषणको सैद्धान्तिक ढाँचा

मनुमञ्जरी खण्डकाव्यको विश्लेषणको मुख्य सैद्धान्तिक आधार खण्डकाव्यको विधागत सिद्धान्त रहेको छ । खण्डकाव्यलाई काव्य विधाअन्तर्गत राखिन्छ र यो काव्यको उपविधा पनि हो । यो कविताकै विभिन्न तत्त्वहरूको संयोगबाट रचना भएको हुन्छ । खण्डकाव्यका सम्बन्धमा पूर्वीय आचार्यहरूले प्रबन्ध काव्यको वर्गीकरण गर्दा प्रयोग गरेका लघुकाव्य,

खण्डकथा, क्षुद्रकाव्य भनी सङ्केत गरेको पाइन्छ। आचार्य विश्वनाथ (सन् १९९७, पृ. ३२१) ले साहित्य दर्पणमा महाकाव्यकै एक देश वा एक खण्डको अनुसरण गर्ने सङ्गठित पद्य समूहलाई खण्डकाव्य भनेका छन्। उनले खण्डकाव्यलाई महाकाव्यको एक भागको अनुसरण गर्ने काव्यका रूपमा लिएका छन् । चौधौँ शताब्दीका पूर्वीय आचार्य विश्वनाथले आफ्नो लक्षणग्रन्थ 'साहित्य-दर्पण' को छैटौँ अध्यायमा काव्यका चार भेदको चर्चा गर्ने क्रममा काव्य, कोषकाव्य, खण्डकाव्य र महाकाव्यको परिभाषालाई स्पष्ट पारेका हुन् (आचार्य, २०७१, पृ. १) । उनले खण्डकाव्यलाई पूर्ण संरचनायुक्त विधा भनेर अर्थ्याएको पाइन्छ । त्यसरी नै बयानबाट एक अंश लिएर लेखिएको भए पनि त्यो सम्पूर्ण नै पूरा भएको सानो काव्य खण्डकाव्य हो (शर्मा, २०१६) । यसरी विद्वान्हरूले खण्डकाव्यलाई जीवनको एउटा अंश वा एउटा घटनालाई समाविष्ट गर्ने विधाका रूपमा लिएको पाइन्छ ।

खण्डकाव्यलाई कविता विधाको मझौला आयामको उपविधागत भेद भन्न सकिन्छ । यसमा कुनै आख्यान अँगालेर वा नअँगाली जीवनजगत्को एक अंश वा भागलाई अन्वितिपूर्वक बद्ध वा मुक्त लयका माध्यमबाट कथन गरी संरचित गरिन्छ (त्रिपाठी, २०५४) । त्रिपाठीले खण्डकाव्यलाई काव्यको मझौला आयामका रूपमा लिएका छन् । खण्डकाव्यमा मानव जीवनको एक पक्षको चित्रण हुन्छ, एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा यथार्थको विश्लेषण हुन्छ (थापा, २०५०) । यी विषयवस्तुलाई पूर्वीय चिन्तनका रूपमा हेर्न सकिन्छ। यसका साथै पाश्चात्य साहित्यमा चाहिँ खण्डकाव्यलाई भन्दा पनि लामो कविता र महाकाव्यकै आकार रहेको पाइन्छ । गीतीमय गाथा र आख्यानात्मक कविताका दुई रूपलाई खण्डकाव्यको पृष्ठभूमिका रूपमा स्वीकार गर्न सकिन्छ। लामो कविताको सन्दर्भमा पाश्चात्य जगत्ले पूर्वीय खण्डकाव्यको ढाँचालाई समेटेको देखिन्छ (आचार्य, २०७१, पृ. ७)। यसरी विभिन्न विद्वान्हरूका दृष्टिकोणलाई केलाउँदा मानवीय जीवनजगत्को कुनै एक खण्डलाई शृङ्खलित रूपमा प्रस्तुत गरी बद्ध वा मुक्त लयको माध्यमबाट अभिव्यक्ति दिने सर्गबद्ध वा सर्गहीन भएको कविताको मझौला रूप नै खण्डकाव्य हो भन्न सकिन्छ। यही सैद्धान्तिक ढाँचामा रहेर प्रस्तुत मनुमञ्जरी खण्डकाव्यलाई खण्डकाव्यगत तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## प्राप्ति र छलफल

*मनुमञ्जरी* खण्डकाव्यकार कुमार दाहाल कुसुमले रचना गरेको एउटा प्रकृतिप्रेममा आधारित खण्डकाव्य हो । यसमा पर्यावरण सन्तुलनको चिन्तन र मानवका कमजोरी सुधारका लागि आग्रह गरिएको छ । उनले वि.सं. २०७७ सालमा प्रस्तुत खण्डकाव्यको

प्रकाशन गरेका हुन् । यो प्रकृतिमय पात्रद्वारा मानवीय कुप्रवृत्तिका विरुद्ध लेखिएको सन्देशप्रदायक नवीन प्रकृतिको खण्डकाव्य हो । आजको मानव समाजमा मानवमानवकै बिचमा देखा परेको अत्यन्त दयनीय प्रवृत्तिलाई आख्यानरहित शैलीबाट उजागर गर्दै सुन्दर समाज निर्माणको अवधारणा प्रस्तुत गर्नु यो खण्डकाव्यको मुख्य विशेषता हो । कुसुमले धर्तीमा रहेका मानवहरूको जात, सम्प्रदाय, स्वभाव, कर्म, धर्म आदिका बिचबाट मानव नै मानव हुन नसकेर संसार अस्तव्यस्त हुँदै गएको यथार्थलाई आकाश, सूर्य, धर्ती, मान्छे, कवि जस्ता पात्रका माध्यमबाट प्रस्तुत गरेका छन् । मानिस बुद्धिमान् भएर पनि आफूमा भएको अन्तर्चक्षुलाई खोल्न नसकेर केवल अरूभित्रको दोष मात्र खोतल्छ तर प्रकृति भने आफू सधैँ अनुशासनमा प्रतिबद्ध भएको छ भन्ने दृष्टान्तलाई मानवमनमा पुऱ्याउन तम्सिएको छ भन्नु मनुमञ्जरी खण्डकाव्यको मूल ध्येय हो । खण्डकाव्यको प्रकृतिका आधारमा यस खण्डकाव्यमा आख्यान निरपेक्ष प्रकृति र मानिसबिचको केही सूक्ष्म संवाद तथा केही सन्देश मिश्रण भएको छ । यसर्थ वस्तुस्रोतका दृष्टिले यसमा मौलिक प्राकृतिक सौन्दर्यको प्रस्तुति छ । केही सामाजिकता, बढी मानवीय स्वभाव र प्रकृतिप्रति मानवको कर्तव्यबोध गराउने हुनाले यसलाई शास्त्रीय प्रकृतिको नभई लोकप्रेरित खण्डकाव्यका स्थानमा राख्नु उपयुक्त हुन्छ । यसमा आख्यानको अनुक्रम र अनुबन्धन नभएकाले यो आख्याननिरपेक्ष खण्डकाव्य हो ।

मनुमञ्जरी एउटा तुलसीको मञ्जरी जस्तै मानव मञ्जरी हो । मञ्जरीमा प्रत्येक सूक्ष्म पुष्पको शृङ्खला फेददेखि टुप्पासम्म टमक्क मिलेर बसेको हुन्छ । यसमा प्रकृतिले आफ्नो वैशिष्ट्य र सौन्दर्यलाई मिलाएर आकर्षक बनाउने काम गरेको छ। खण्डकाव्यकारका अनुसार मानव मञ्जरीलाई प्रकृतिले त्यस्तै देख्न चाहन्छ । यद्यपि, मानव आफ्नो बुद्धि, ज्ञान, दर्शन र अभिमानलाई सगर्व विकृतिउन्मुख भएको देखिन्छ । यो खण्डकाव्यमा खण्डकाव्यकारले यस्ता कुप्रवृत्तिलाई प्रकृतिले पनि मन नपराउने विषयवस्तुलाई मूल कथ्यका रूपमा प्रस्तुत गरेका छन् ।

खण्डकाव्यको मूल चरित्र मान्छे हो । यहाँ शृङ्खलित रूपमा मान्छेका विविध रूपलाई देखाइएको छ । मान्छेलाई प्रथमतः आकाशले साझा अवधारणा, उपदेश र विचारकका रूपमा प्रस्तुत गरेको छ। लेखकले खण्डकाव्यमा मान्छेले प्रकृतिलाई दुःख दिएको प्रसङ्गलाई समेट्दै उसलाई सृष्टिकै दोषी पात्रका रूपमा प्रस्तुत गरेका छन् । यो दोधारको अवस्थामा उनले मानिसलाई गुणवान् बन्न आह्वान गरेका छन् । मानवीय स्वभावलाई अनुशासित, वातावरणमुखी जीवनशैलीको अनुपम नमुना बनेको देख्न चाहने प्रकृतिले आफैँ मानवप्रति कटाक्ष गरेको तथ्यलाई खण्डकाव्यमा प्रस्तुत गरिएको छ । मानवसँग

सम्बन्धित काव्यिक चिन्तनहरूले पाठकीय मनमा स्वतस्फूर्त रूपले प्रकृतिको आग्रहलाई अनुभूत गराउँछ । यही कुरा यस खण्डकाव्यको काव्यगत मूल कथ्य हो । यसर्थ यसमा भावगत सन्दर्भमा महाकवि देवकोटाको स्वच्छन्दतावादी भाव, संरचना र शैलीका सन्दर्भमा कविशिरोमणि लेखनाथ पौड्यालको परिष्कारवादी शैली र सन्देशका हिसाबमा भानुभक्तीय आदर्शको मिश्रण पाउन सकिन्छ । अतः यस कृतिमा प्रकृतिप्रेमी आदर्शवादको विशेषतालाई निर्क्योल गर्न सकिन्छ ।

## तत्त्वका आधारमा खण्डकाव्यको समीक्षा

यस खण्डकाव्यमा सुरुमै भुजङ्गप्रयात छन्दका चार हरफमा मनुमञ्जरीको परिभाषा दिएर काव्यको परिचय दिइएको छ । यस कृतिमा मानव सभ्यताकै प्रवृत्तिगत अंशलाई शृङ्खलित प्रवाहका लागि प्राकृतिक पात्रको चयन गरिएको छ । यसमा लेखकद्वारा मानव समुदायमा निहित विकृत प्रवृत्तिलाई चेतनाप्रवाह गर्ने काम गरिएको छ । यिनै सन्दर्भका आधारमा मानवीय अस्तित्वमा बाँच्नेहरूका लागि समर्पण गरिएको मनुमञ्जरी खण्डकाव्यलाई नवराज लम्सालले यस कृतिको भूमिका खण्डमा यसरी व्यक्त गरेका छन् :

> *प्रस्तुत खण्डकाव्य अलिकति प्रयोगशील छ र प्रयोगका नाममा वा लेखिँदाको प्रवाहमा कथानकले केही अवरोध झेलेझेलेजस्तो देखिन्छ । बहुरूपीको बहुरूप, आस्तिक नास्तिकको तर्क, विभेदी (विभेद ?), रूपौलादेखि धनी गरिबसम्म आइपुग्दा कविको दृष्टिकोण र कवित्व चिन्तनको सीमा प्रस्ट भइसक्छ । उनी छन्दमा स्वच्छन्द बगेका छन् । (लम्साल, २०७७)*

यो कृतिलाई यहाँ विधागत आधारमा मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ । यस क्रममा खण्डकाव्यको आन्तरिक पक्ष र काव्यगत अवधारणालाई तपसिलबमोजिमका खण्डकाव्यगत तत्त्वका आधारमा विश्लेषण गरिएको छ :

### कथानक

मनुमञ्जरी खण्डकाव्यको कथानक मानव प्रवृत्तिप्रति उपदेशात्मक विचार आकाशवाणीका माध्यमबाट प्रस्तुत हुँदै अघि बढेको छ। आकाशले आफूले सम्पूर्ण मानवलाई हेरेको र मानवीय क्रियाकलापलाई नजर अन्दाज गरेको तथ्यलाई अघि सारिएको छ । यस खण्डकाव्यमा लेखकले सुरुमा आकाशवाणी र सूर्यवाणी तथा अन्ततिर धर्तीआवाजको सन्दर्भलाई राखेका छन् । यसपश्चात् उनले मान्छेका बहुरूपी अवस्था, नास्तिक-आस्तिक अवस्था, विभेदी स्वरूप, रूपौला, धनी वा गरिब, त्यागी, गृहस्थी, फिरन्ता, वासनात्मक,

भावनात्मक, अन्धविश्वासी स्वभाव आदिको चर्चा गरेका छन् । अन्ततिर उनले कवि हृदय, मान्छे बनी हिँड्नु छ र अन्तमा म मान्छे भन्ने उपशीर्षकमा चर्चा गरेका छन् । यसर्थ यी उपशीर्षकभित्र रहेर लेखकले मानवीय स्वभावका कमजोरीप्रति दुःख व्यक्त गरेका छन् ।

उनले 'सबैभन्दा जान्ने बुझ्ने भएर पनि किन भुलको बाटो हिँड्दै छौ' भन्ने प्रश्न तेर्स्याउँदै आकाशको अभिव्यक्तिलाई टुङ्ग्याएका छन् । सूर्यले पनि मानवलाई आफू सबैका लागि समान रहेको सन्दर्भ प्रस्तुत गरेको छ । सूर्यले पनि मान्छे जस्तै स्वार्थी र विभेदकारी भएर प्रकाश नदिने हो भने मानिससहित सारा जीवात्माको अस्तित्व नरहने तर्क पेस गर्दै खण्डकाव्यकारले मानवीय सचेतनामा जोड दिएका छन् । यसरी उनले प्रकृति र मानवबिचको अन्तर्सम्बन्धलाई देखाएका छन् । यसको अर्थ उनको यस भावमा पर्यावरण चेतना प्रखर भएर देखा परेको छ । यसरी मानवीय अपनत्व र मानवीय मिजासलाई एउटा सुन्दर पारिवारिक सौन्दर्य बनाउने उपदेश दिएर सूर्यवाणी सकिएको छ ।

यसपश्चात् लेखकले मानवका विविध रूपलाई दर्साएका छन् । पहिलो बहुरूपी मानव छ । ऊ अनेकौं रूपमा मानवलाई नै आफ्नो मानवता बिर्सिएर कर्म गर्दै गएको सन्दर्भ छ । यसमा मान्छे शब्द नै विश्वासलायक नभएको तथ्यलाई कविले प्रस्ट्याएका छन् । मान्छे कतै नास्तिक त कतै आस्तिक भएर एक अर्काप्रति विरोध र समर्थनका नारा घन्काउँदै हिँड्छ । यहाँ लेखकले मानिस आफैँ बुद्धिमान् भएर पनि आफूआफूमा कटाक्ष गर्दै हिँड्नु ठिक नभएको यथार्थलाई पेस गरेका छन् । विभेदी उपशीर्षकमा मानिस जन्मदा कुनै जात नभएको तर आफैँ जातीयता र वर्गीयता जस्ता विभिन्न रूपमा वर्गीकरण गरेर झगडालु भएको कुरालाई अघि सारिएको छ । यहाँ मानिसको जाति मानिस नै हो तसर्थ विभेद गर्नुहुँदैन भन्ने तथ्यलाई प्रकृतिबाट नै सिक्नुपर्ने सन्देश प्रस्तुत छ । रूपौला नामक उपशीर्षकमा मानिसले रूपको घमण्ड गरेको, आफ्नो सुशीलपन बिर्सिएको, संस्कार भुलेर कृत्रिमताप्रति आकर्षित हुनुलाई मानिसको गलत मार्गका रूपमा देखाइएको छ । धनी वा गरिब नामक उपशीर्षकमा आइपुग्दा मानिस नै आफ्नै कर्मबन्धनले धनी वा गरिब हुने तर्क राखिएको छ । धनी धनले मात्र नभई यश वा कीर्तिले पनि हुन्छ भन्ने पूर्वीय अवधारणा यहाँ प्रस्तुत छ । यसरी नै मानिस मनका आधारमा धनी वा गरिब हुन्छ भन्ने कुरा चित्तशुद्धिको भावमा व्यक्त भएको छ । मानिस त्यागी, गृहस्थी, फिरन्ता, वासनात्मक, भावनात्मक, अन्धविश्वासी जस्ता रूपमा आएर यस धर्तीलाई नै बहुरूपी बनाएको छ भन्ने कुरालाई मान्छेले गरेको व्यवहारबाट छर्लङ्ग पारिएको छ ।

खण्डकाव्यमा कविले मानिसका अनेकौँ रूप, व्यवहार र स्वभावलाई पृथ्वीले पनि नजिकैबाट अवलोकन गरेको प्रसङ्ग जोडेका छन् । यद्यपि यी विषयक्षेत्रहरूबिचमा आपसी आख्यानात्मक अन्वितिले गाँसिएको भने छैन । विषयवस्तुगत अन्तर्सम्बन्धका क्रममा मानवले गरेका चित्त दुख्ने व्यवहारबाट आजित भएर पृथ्वीले पनि आफ्नो कुरा राखेको छ । पृथ्वीले मानिसले मानिस नै भएर प्रकृतिको सुन्दर रूप जस्तै निष्कलङ्क भई जीवनयापन गर्नुपर्ने सन्देश दिएको छ । उसले आफू जसरी नै धैर्य बन्नुपर्ने कुरालाई तलको साक्ष्यका आधारमा बताएको देखिन्छ :

म अग्लेको हेर्ने जगतभरका मानव तिमी
कहाँ होमिन्छौ हे जीवन वनको भाव नगरी ।
सयौँ धक्का आँधी म उपर चले धैर्य छु अझै
तिमी अत्तालिन्छौ मलिन घटनामा किन सधैँ ? (पृ. ४०)

माथिको साक्ष्यमा 'कमसेकम मजस्तै सहनशील र त्यागी बनेर उच्च जीवनशैली बाँच' भन्दै पृथ्वीको आवाज अभिव्यक्त भएको छ । यी सबै कुरा हेरिसकेपछि मानव भएर पनि मानवीय कर्तव्यलाई कर्तव्यका रूपमा नसम्झने मानिसलाई कवि हृदयले फूलझैँ हाँस्नुपर्छ भनेर खुसीको बाटो अपनाउन मानिसलाई आह्वान गरेको छ । आफूआफूमा विभेद र मतभेद नगरी मिलेर धर्ती सजाउनुपर्छ र प्रकृतिका सारा वस्तु जस्तै हामी पनि सजिएर हाँस्नुपर्छ भनी कवि हृदयले आफ्नो कुरा राखेको छ । मान्छेले मान्छे भएर हिँड्नुपर्छ । हरेक मानिसले आफूलाई बुद्धिमानी भएर ठानेको सन्दर्भदेखि नवसिर्जनाले धर्ती सजाउने प्रसङ्गका कारण यो खण्डकाव्यको कथानक प्रकृतिप्रेम, प्रकृतिको महत्ता र मानवका लागि प्रकृतिको आवश्यकताका विषयमा केन्द्रित देखिन्छ । यस कुरालाई नदीझैँ निरन्तर यात्रामा रहेर सबैले हातेमालो गर्दै घमण्ड त्याग्नुपर्ने तथा आफूभित्रको स्वच्छतालाई समेत सजाउनुपर्ने सन्देशसहित यो खण्डकाव्यको कथानक सजिएको छ । यद्यपि यहाँ कथावस्तुलाई पात्रगत बुनोट र भूमिका अनुसार सिलसिलाबद्ध नगरिएको भए पनि प्रकृतिप्रदत्त पात्रका माध्यमबाट बिम्बसहित मान्छेको शैली र स्वभावलाई चित्रण गरिएको छ । यसर्थ यो खण्डकाव्यले मानवलाई मानवकै चरित्रमा रहन आग्रह गरेको छ । कविको हृदयबाट आएको उद्गारले पनि यिनै विषयलाई समेटेको देखिन्छ । खण्डकाव्यकारले सूर्यप्रकाश उदाएझैँ मानव मनमा उज्यालोपन छाउनुपर्ने तथा छद्मभेषी नाटक मञ्चनको शैलीलाई परिवर्तन गर्नुपर्ने दुःखेसो समेत व्यक्त गरेर कृतिको कथानकलाई अन्त्य गरेका छन् । यसर्थ यो खण्डकाव्यमा पर्यावरण चेतना, मानवतावादी चिन्तन, अस्तित्ववादी सोच तथा आदर्शवादी समाज निर्माणको मूल कथानकलाई प्रस्तुत गरिएको छ ।

## पात्र

मनुमञ्जरी खण्डकाव्यमा प्रकृतिबाट पात्रको चयन गरिएको छ । कथानकलाई गतिशीलता प्रदान गर्ने काम पात्रले गर्दछन् । आजको खण्डकाव्यमा जनजीवनका यथार्थपरक र स्वाभाविक पात्रको संयोजन आवश्यक हुन्छ (थापा, २०४२, पृ. ५६) । यस विषयलाई लेखकले समेटेका छन् किनभने यहाँका पात्रहरू प्रकृति र प्रकृतिमा आश्रित मान्छे नै मूल रूपमा आएका छन् । यस खण्डकाव्यमा प्रत्यक्ष रूपमा आकाश, सूर्य, धर्ती, मान्छे र कवि गरी जम्मा पाँच जना पात्रहरू छन् । यीमध्ये सूर्य प्रमुख पात्र हो जसले आफ्नो वाणीमार्फत मानिसका विभिन्न रूपहरू देखेर तिनका विषयमा सकारात्मक मार्ग हिँड्न उपदेश दिएको छ । यहाँ मान्छेको व्यवहारका कारण मानिसको व्यवहारलाई प्रतिकूल मानिएको छ । अन्य सबै पात्र अनुकूल र प्रकृतिका मुख्य कार्यकारण पात्र हुन् । आकाश, धर्ती, मान्छे, कवि आदि सहायक पात्र हुन् । क्रमशः प्रत्येक पात्रको चारित्रिक विशेषतालाई यहाँ केलाउने प्रयास गरिएको छ ।

**सूर्य :** मनुमञ्जरी खण्डकाव्यको मूल पात्र सूर्य हो । सूर्यले आफ्नो भूमिका आकाशको वाणीपछि मानिसका अनेकौँ रूपहरूको स्वभावगत विचार व्यक्त गरुन्जेल गतिशीलता प्रस्तुत गरेको छ । सूर्य एउटा ग्रह हो तथापि काव्यमा सूर्यलाई मानवीकरण गरिएको छ । यो पात्रले मानवलाई अभिभावकत्व निर्वाह गरेको छ । उपदेश दिनु, सुधारात्मक बाटो देखाउनु, अनुशासनको पाठ सिकाउनु जस्ता सूक्तिमय विचार प्रस्तुतिमा खण्डकाव्यले सूर्यको भूमिकालाई मुख्य स्थान दिएको छ ।

**आकाश :** अभिधात्मक अर्थमा आकाश एउटा शून्यता हो तर खण्डकाव्यमा प्रकृतिको सघन दृष्टान्तका रूपमा आएको पात्र हो । आकाश मानवलाई असल कार्यका लागि जुट्न आह्वान गर्ने, सहायक भूमिका निर्वाह गरेको एक पात्र हो । आकाश पनि मानवीकरण गरिएको तर अल्पभूमिका भएको पात्र हो । यो सहायक, गतिशील, व्यक्तिगत तथा अनुकूल पात्र हो ।

**पृथ्वी :** पृथ्वी प्रकृतिबाट छानिएको र मानवीकरण गरिएको खण्डकाव्यमा अवस्थित सहायक पात्र हो । गतिशील तर न्यून भूमिकामा अडिएको पृथ्वीले मानवलाई सुन्दर जीवनशैलीको जीवन जिउनुपर्ने सकारात्मक सन्देश दिएको छ । यसर्थ यो अनुकूल पात्र हो । प्रकृतिकै रूप भए पनि मानवका स्वभावलाई सुधारको बाटोमा लैजान प्रेरित गर्न उपस्थित यो पात्रले मानव अस्तित्वमा मानवले नै सङ्कट निम्त्याइरहेको भाव व्यक्त गरेको छ ।

**कवि :** कवि यस खण्डकाव्यको गतिशील मानवीय पात्र हो । कविले सूर्य, पृथ्वी, आकाश तथा समग्र प्रकृतिको आवाजलाई सुनेपछि आफू पनि यही मानव समुदायमा रहेको प्रसङ्गलाई जोडेका छन् । उनले आफ्नो मानवरूपी स्वभावमा खोट रहेको दुःखेसो पोख्दै मानवले गर्नुपर्ने कार्य र असल आनीबानी निर्माणार्थ अभिप्रेरणा दिने मुख्य भूमिका निर्वाह गरेका छन् । समयसापेक्ष सकारात्मक, अनुकूल तथा साझा विचार प्रस्तुत गरेर मानवीय विवेकलाई मानवीय चिन्तनका रूपमै देखाउन सक्नुपर्छ भन्ने मूल भावमा यो खण्डकाव्यको सृजना भएको छ । यहाँ प्रकृतिमा फुलेका सुन्दर फूलको निष्कलङ्क फक्राइ जस्तै सौन्दर्य, आकर्षक हँसाइ र लोकप्रिय जीवन बाँच्न सक्ने सम्भावना रहेको प्रसङ्गलाई कविले जोडेका छन् । यसर्थ कवि यस खण्डकाव्यको अत्यन्त सचेत एवम् प्रकृति र मानवको सम्बन्ध लेखाएर पृथ्वीवासीलाई सचेत गराउने भूमिका रहेका पात्र हुन् ।

**मान्छे :** खण्डकाव्य मनुमञ्जरीको गतिशील तर आफूलाई अराजक, विभेदक, मानव भए पनि मानवता बिर्संदै गएको पात्र मान्छे हो । उसले आफू चेतनशील भएर पनि चेतना भुल्दै गएको छ । हरेक अवस्थालाई बुझ्न सक्ने विवेकी भएर पनि अविवेकी स्वरूपमा आएको छ । खण्डकाव्यमा मानिस सहायक भूमिकामा रहेको पात्र हो । यस खण्डकाव्यमा मान्छेले आफूलाई अनेकौं रूपमा प्रस्तुत गरेर सिङ्गो धर्तीलाई कुरूप बनाएको प्रसङ्ग छ । यहाँ लेखकले मान्छेलाई मान्छे बन्नुपर्ने भाव व्यक्त गरेका छन् । उनले मानिसले आफ्नो प्रकृति, क्षमता र वास्तविकतालाई भुलेका कारण उसलाई सचेत हुन आग्रह गरेका छन् । मानिसले चेतनाको विरासत ढाल्दै गएको दुःखेसो कृतिमा अभिव्यक्त छ । खण्डकाव्यकारले अन्ततः एउटा मूलधारमा आएर हामी समग्र मान्छेले मान्छेको अनुकूलतामा रमाउनुपर्ने भावनालाई पोखेका छन् । उनले यो जुनीलाई राम्रोसँग जिएर संसारमा गतिलो साख छोड्ने प्रण गर्नुपर्ने कुराको माग राखेको कुरा तलको साक्ष्यमा झल्किन्छ :

जन्मेको यस मर्त्यमा सहजले यौटा जुनी ज्यूनु छ
राम्रा काम गरेर साख गतिलो संसारमा छोड्नु छ । (पृ. ४६)
अग्लो हैन विचारको र मनको आचार संस्कारको
विद्या, ज्ञान, सुसभ्य सौरभ कला पाएर सद्ज्ञानको
सग्लो जीवन साधना सुलभको आधारमा भिड्नु छ
मान्छेको इतिहास खन्जर नभै मान्छे बनी हिँड्नु छ ।" (पृ. ४८)

काव्यको उत्तरार्धमा यसरी मान्छे प्रेरित भई सुध्रिएर मानवीय विचार, आचार र संस्कारले पूर्णता पाउनुपर्ने भावलाई व्यक्त गरिएको छ। उसले समाजको आदर्श बन्ने बाचा गरेर ऊ एउटा एक असल सत्पात्र बन्न सक्छ भन्ने अपेक्षा गरिएको छ।

## परिवेश

नेपाली खण्डकाव्य परम्परामा एउटा नवीनतम काव्यका रूपमा प्रकाशन भएको खण्डकाव्य मनुमञ्जरीको परिवेश यस धर्तीमा रहेको मानव समाज नै हो। धर्ती, आकाश, पृथ्वीको सेरोफेरोमा देखिएको सम्पूर्ण पर्यावरणीय अवस्था नै खण्डकाव्यमा परिवेशका रूपमा देखापरेको छ। समाजको निर्माण मानिसबाट नै भएको र मानवकै विषयमा विचार सम्प्रेषण भएको हुँदा समाजमा सन्दिग्ध मानवीय सभ्यता र बिग्रँदो सांस्कारिक परिवेशको चित्रण खण्डकाव्यमा देखिन्छ। मानव समुदायकै परिधिभित्र खण्डकाव्यको कथानक अडिएको हुँदा यो खण्डकाव्य पूर्णतः सभ्यता र संस्कारको अनुशीलनमा बाटो बिराएका मानवताहीन चरित्रप्रति दुःख व्यक्त गरिएको खण्डकाव्य हो। साथै, यसमा संसारको विकास हुँदै गरेको सामाजिक विरेचनलाई कविले परिवेशको फराकिलो आकार दिएर समाज सुधारको चिन्तनमा जोड दिएका छन्। बाह्य र आन्तरिक पक्षको संयोजनमा यो खण्डकाव्यभित्र आख्यानको क्रम नभए पनि पात्रगत भूमिकाले सजीव र संवेद्य बनाएको छ। यहाँ उपस्थित चरित्रका माध्यमबाट सामाजिक, वैचारिक र व्यावहारिक परिवर्तनका सन्दर्भलाई जोडिएकाले यस खण्डकाव्यको परिवेश व्यवस्थित र प्रभावकारी प्रकृति सौन्दर्यमा आधारित छ।

## केन्द्रीय कथ्य

मनुमञ्जरी खण्डकाव्य मानव समुदायमा देखा परेका विकृति, विसङ्गति, विभेद, कुसंस्कृति, अराजक, अनियमितता जस्ता प्रतिकूल तत्त्वहरूका विरुद्ध वैचारिक, प्रतीकात्मक र काव्यात्मक अभिव्यक्ति हो। यस खण्डकाव्यले प्रकृतिका वस्तुलाई पात्र चयन गरेर सामाजिक प्राणीका रूपमा सर्वश्रेष्ठ मानिएको मानिसका कुप्रवृत्तिप्रति दुःखेसो गरेको छ। यहाँ मानिसलाई असल, स्वाभिमानी, कर्मयोगी र भद्र मानव संमाज निर्माणका लागि अनुरोध पनि गरिएको छ। असल मानवीय सभ्यताको सुन्दर स्वर्ग बनाउन अनुरोध गरिएको छ। उनले विशेषतः मानिसलाई धर्तीको सुन्दर प्राणीका रूपमा जिउन आग्रह गरेका छन्। "मेरै गर्भ छ उच्च आज हँसिलो देख्दै छु संसारमा (पृ. १)" भन्नुले पनि यो कुरा पुष्टि भएको छ। यसर्थ काव्यको गाम्भीर्यलाई सूर्यवाणीमा प्रस्तुत यो आदर्शमय दृष्टान्तले पनि अर्थ्याएको देखिन्छ :

मेरो शक्ति यहाँ कदाचित उसै छेक्दिन्छ रे बादल
चर्को ताप जसै कठोरपनले छेक्दिन्छ रे आँचल ।
यस्तै हो सुख दुःख जीवन बुझी यो घाम छायाँ पनि
आफ्नो चित्त बुझाउने गर तिमी सन्तुष्ट भै जिन्दगी ॥ (पृ. ६)

यसरी यहाँ उपस्थित पात्र सूर्यले मानव सभ्यतालाई अझ गतिलो र सन्तुष्टमयी बनाउने उद्देश्य राखेको छ । खण्डकाव्यमा मान्छेले 'मान्छे बनी हिँड्नु छ' मा आएर आफूलाई सबै पक्षबाट विविध रूपमा देखे पनि, मेरा खराब पक्षहरू अनगिन्ती भए पनि यो बह्माण्डमा भुलबाटै सबै सकारात्मक कार्यको उदय हुने कथ्य प्रस्तुत छ । यस धराको विवेकी, सहयोगी, कर्मयोगी, हितकारी र परोपकारी व्यवहारको धनी बनेर सद्गुणी, अनुशासित, सभ्य र गतिलो बन्ने क्षमता मानिसमा छ ।

खण्डकाव्यको उपसंहारका रूपमा 'म मान्छे' मा आएपछि मान्छेले मान्छे भएर बाँचेको र त्यसैगरी यो सुन्दर स्वर्गलाई सजाएर आफू स्वर्गीय संसारको सिर्जनशील, नदीझैँ परिश्रमी, चाँदनीझैँ चमकदार, बुद्धिमान् र पारिवारिक सभ्यतालाई सुन्दर बनाउनुपर्ने इच्छा व्यक्त गरिएको छ । गर्न नहुने कार्यले जीवन जलेको हिराझैँ हुन्छ । असल कार्यले सुन्दर फूलको सुवासयुक्त माला बन्छ । आफूलाई आफैँले सजाउनुपर्छ, मैनझैँ जलेर विनास्वार्थ खट्नुपर्छ । मानिसकै भीडमा बसेर चाकरी प्रथालाई अन्त्य गर्दै मानवको जीवन चरितार्थ पार्नुपर्छ । यी कथ्यमा खण्डकाव्यको मर्म प्रवाहित छ ।

यसरी मनुमञ्जरी खण्डकाव्यमा रहेको केन्द्रीय कथ्यले समाज मानवको हो र मानवले आफूभित्रको खराबीलाई त्यागेर नै समाजको खराबीको अन्त्य गर्न सक्छ भनिएको छ । सुन्दर समाज निर्माण गर्ने क्षमता पनि उसैसँग छ । यसरी विश्वबन्धुत्वको भावना र मानवतावादी स्वरको अभिव्यक्तिमा चेतनशील विचार तथा प्रकृतिप्रेमको भावनालाई खण्डकाव्यकारले तारतम्य मिलाएको देखिन्छ ।

कति सघन विभेदी मानवी चाल देखेँ
यस धरण निवासी मानुषी भाव लेखेँ ।
शुभ, शुभ अब छाओस् विश्वका प्राणभित्र
जगत अब घरै हो बन्द होस् नाट्य चित्र ॥ (पृ. ५१)

मनुमञ्जरी खण्डकाव्यमा स्वच्छन्दतावादी तथा मानवतावादी भावधाराको प्रस्तुति छ । यहाँ गैरआख्यानभित्र पनि आदर्श भावको गहन आख्यान छ । यस खण्डकाव्यले मानव समुदायमा देखा परेको बेमेल परिस्थितिलाई मूल भावको केन्द्रीयतामा राखेको

छ । मानिसमानिसका बिच विविध रूप देखा पर्नुले आजको मानव सभ्यतामा सख्त असर परेको छ । मान्छे बहुरूपी भएर मानवलाई नै ठग्दै हिँडेको, बेतुकका गफ गर्दै अविश्वासी बनेको, धर्मका नाममा नास्तिक र आस्तिक जस्ता विभेदमा रुमलिएर समय बर्बाद गरेको सन्दर्भ छ । जातीयतामा हराउनु, रूपमा घमण्ड गर्नु, धनी र गरिब भनेर वर्गीय विभेद गर्नु, मानवीय सभ्यता नभएर यो अत्यन्तै दुःखको आगमन हो । मानव सभ्यताको हास्यास्पद तथ्य यही हो । यही मान्छे कतै त्यागी भएको छ तर मूल्याङ्कन भएको छैन । गृहस्थी जीवन जिएको छ तर दुःख दिनेको कमी छैन । कतै आनन्द खोजेर फिरन्ता जिन्दगी जिउनेहरू पनि बेचैनीमा नै परेका भेटिन्छन् । यसरी मानवबाट नै मानव पीडित भएको तथ्यलाई खण्डकाव्यकारले काव्यमा अटाएका छन् । कतै भावनाले ओतप्रोत भएका सभ्य मानिस भेटिन्छन् भने कतै छद्‍मरूपी वासनात्मक मान्छेका कारण पूरै विश्व दुर्गन्धित बन्न पुगेको छ । काव्यमा मान्छेलाई सभ्य, सुन्दर र आदर्श समाजको आदर्श पात्र बन्न आग्रह गरिएको छ । आज मानिस लालचमा फसेको सन्दर्भ छ तथापि प्रकृतिले नै शिक्षा दिएको छ र प्रकृति नै विविध ज्ञानको खानी हुने तथ्य पनि काव्यमा प्रस्तुत छ ।

## संरचना तथा लय विधान

मनुमञ्जरी खण्डकाव्यमा शास्त्रीय छन्दको प्रयोग गरिएको छ । खण्डकाव्यको सुरुवाती भागमा भुजङ्गप्रयात् छन्दमा चार हरफ प्रस्तुत छन् । वार्णिक छन्दमा काव्यको रचना भएका कारण लयात्मकता यो खण्डकाव्यको विशेषता हो । यहाँ हरेक पङ्क्तिपङ्क्तिमा प्रयुक्त वर्ण, मात्रा तथा अक्षरको वितरणक्रम, अनुप्रास, आवृत्ति, यति, गतिको स्थिति र शासन अनुशासनको परिपालना निकै कसिलो छ । यस खण्डकाव्यमा भुजङ्गप्रयातका ८ श्लोक, शार्दूलविक्रीडितका १४० श्लोक, शिखरिणीका १० श्लोक, मन्दाक्रान्ताका ९ श्लोक र मालिनी छन्दका २ श्लोक गरी जम्मा १६९ श्लोक रहेका छन् । यो खण्डकाव्य बद्ध लयमा लेखिएको र अक्षरहरूको समान वितरण भएको सम एवम् अनुप्रासीय योजनासहित काव्यात्मक अलङ्कारहरूको समुचित उपयोग भएको काव्य हो । हरेक श्लोकमा अन्त्यानुप्रासको राम्रो विनियोजन छ । कतैकतै अन्तरानुप्रासको मात्रा स्वल्प रूपमा देखिए पनि तिनीहरूको उचित विन्यासले गर्दा खण्डकाव्य गेयात्मक बनेको छ । विभिन्न उपशीर्षकहरूलाई खण्डकाव्य मनुमञ्जरीमा सर्गविधानका रूपमा राखिएको छ ।

## बिम्ब, प्रतीक तथा अलङ्करण प्रविधि

खण्डकाव्य मनुमञ्जरीमा प्राकृतिक बिम्बलाई मानवका विभिन्न स्वभावका रूपमा प्रस्तुत गरिएको छ । यस खण्डकाव्यमा आकाश, सूर्य, पृथ्वी, धर्ती प्रकृति हुन् र यिनले

मानवले झैँ आफ्ना विचार प्रस्तुत गरेका छन् । आकाशको भनाइलाई आकाशवाणी, सूर्यको भनाइलाई सूर्यवाणी, पृथ्वीको वैचारिक आवाजलाई धर्ती आवाज जस्ता बिम्बको प्रयोग खण्डकाव्यमा छ । बहुरूपी, नास्तिक/आस्तिक, विभेदी, रूपौला, धनी वा गरिब, त्यागी, गृहस्थी, फिरन्ता, वासनात्मक, भावनात्मक र अन्धविश्वासी उपशीर्षकका विशेषणले पनि काव्यमा बिम्बात्मक अर्थ बोकेका छन् । काव्यमा फूल, धर्मभीरु, पाखण्ड, मण्डूक, ठग, दलाल जस्ता बिम्बलाई विद्रोहको स्वर उराल्नकै निम्ति प्रस्तुत गरिएको छ ।

खण्डकाव्यमा अनुप्रास अलङ्कारभित्र पनि वर्णानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको छ । यसका साथै उपमान, उपमेय, दृष्टान्त आदि अलङ्कारको राम्रो संयोजन भएको छ । शान्तरस प्रधान यस खण्डकाव्यमा शब्दालङ्कार र अर्थालङ्कारको केही प्रयोग भएको छ । मानवीय असभ्यताको दुःखबाट काव्यको प्रारम्भ भए तापनि यो सन्देशप्रद भावको सुखान्त अपेक्षामुखी खण्डकाव्य हो ।

## कथन पद्धति र भाषाशैली

खण्डकाव्य मनुमन्जरीमा प्रस्तुत कथन पद्धति कविनिबद्धवक्तृप्रौढोक्ति र कविप्रौढोक्ति दुवै किसिमको रहेको छ । खण्डकाव्यमा आकाश, सूर्य, पृथ्वी र मान्छेद्वारा आफ्ना विचारहरू काव्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यहाँ तृतीय पुरुष कथनशैलीको प्रयोग गरिएको छ । यसमा कविनिबद्धवक्तृप्रौढोक्ति कथन पद्धतिलाई अपनाइएको छ :

आफैँ सभ्य भएर आज युगको सन्धान गर्ने तिमी
नाता भाव रचेर शान्त सुखको आधार खोज्ने तिमी ।
धर्तीमा तिमीले उठेर जहिले आकाशको ख्यालमा
गर्ने छौ अविराम कर्म गुणको मान्छे हुने चालमा ॥ (पृ. ३)

खण्डकाव्यमा कविको आत्म भावना प्रस्तुत गरिएको कविप्रौढोक्ति कथनपद्धति पनि समावेश छ :

हामी भन्छौँ अब म नभनी सोच्दछौँ भाव साझा
यो संसारै मनुगृह भनी आपसी मेल ताजा ।
धर्ती आमा अनि नभ पिता सृष्टिमै मान्नुपर्छ
उज्यालो भै यस जगतमा फूल भै हाँस्नुपर्छ ॥ (पृ. ४५)

यसरी हेर्दा यस खण्डकाव्यमा मिश्रित कथन पद्धतिको प्रयोग भएको देखिन्छ । यस खण्डकाव्यमा भावात्मक तथा विचारात्मक वैशिष्ट्यतालाई सहजै वहन गर्न सक्ने भाषा प्रस्तुत भएको छ। सामान्य पाठकले पनि यसबाट भाव ग्रहण गर्न सक्ने देखिन्छ। समाजमा चलेका र विद्रोही चेतनाले भरिएका घातक नेता, ब्वाँसा, धर्मभिरु, पाखण्ड, ठग, दलाल जस्ता शब्दको प्रयोगले केही क्लिष्टता ल्याए पनि सामाजिक परिवर्तनका खातिर मूल भाव ग्रहणमा बाधा पुग्ने देखिँदैन । खण्डकाव्यमा रचनाका क्रममा परिष्कारको उपयोग भएको छ र शैलीगत माधुर्य पनि काव्यगत प्रवृत्तिका रूपमा रहेको छ। सामाजिकता, काल्पनिकता र भावप्रबलता यस खण्डकाव्यको विशेषता हो । मानवीय सभ्यतासँग सम्बन्धित भएकाले यस खण्डकाव्यको विषयवस्तु मौलिकता र काव्यिक सौन्दर्यमा आधारित रहेको देखिन्छ ।

**शीर्षकीकरण**

यो खण्डकाव्यको शीर्षक मनुमञ्जरी हो। यहाँ शाब्दिक रूपमा 'मनु' को अर्थ मानिस र 'मञ्जरी' को अर्थ कोपिला, नयाँ मुना अर्थात् मुनासहितको टुप्पो भन्ने हुन्छ । यसरी समासयुक्त शब्द 'मनुमञ्जरी' को अर्थ मानवको नयाँ पालुवा भनेर बुझ्न सकिन्छ। लेखकले तुलसीको मञ्जरीको रूप जस्तै मनुष्यको मञ्जरी भनेर लाक्षणिक अर्थमा विशेषणयुक्त शब्दलाई शीर्षकीकरण गरेका छन्। यहाँ मानिसका विभिन्न रूप र अवस्थालाई खण्डकाव्यको एउटा बाला वा मञ्जरीको फेददेखि टुप्पासम्मको स्वरूपलाई चिनाउने प्रयास खण्डकाव्यकारले गरेका छन् । खण्डकाव्यमा मनुष्यकै क्रियाकलाप वा व्यवहारलाई सिलसिलाबद्ध तरिकाले देखाउने अभ्यास गरिएको छ। यसको अर्थ मानिसलाई नयाँ पालुवाका रूपमा परिवर्तन भई प्रकृतिसँग निकट बनेर जिउन आग्रह गरिएको सन्दर्भलाई एउटा परिवर्तनकै आधार बनाइएको छ। यो शीर्षक लाक्षणिक बिम्बका आधारमा मानिसको परिवर्तनप्रति अपेक्षा गरेर राखिएको शीर्षकका रूपमा सार्थक देखिएको छ । मानवका सामाजिक, सांस्कृतिक एवम् प्राकृतिक सोचसँगै मानवतावादी विचार र सुधारवादी व्यवहारलाई छर्लङ्ग पारिएकाले विषयवस्तु र पात्र विधानका आधारमा खण्डकाव्यको शीर्षक सार्थक देखिन्छ ।

## निष्कर्ष

मनुमञ्जरी खण्डकाव्यले आदर्श समाजको अपेक्षा गरेको छ । यसमा प्रकृतिप्रेम र मानवतावादको भावनालाई मिश्रण गरिएको छ । लेखकले मानव सभ्यताको सामाजिक, राजनीतिक विसङ्गति, अराजकता र अव्यवहारमुखी क्रियाकलापको विषयवस्तुलाई सुन्दर समाज निर्माणको अपेक्षार्थ प्रस्तुत गरेका छन् । यसर्थ यो खण्डकाव्यले विधातत्त्वगत

आधारमा पनि पूर्णता पाएको देखिन्छ । यसमा आन्तरिक कथ्यका रूपमा प्रकृतिप्रेमी आदर्श समाजको अपेक्षागत संरचना छ । बाह्य सन्दर्भमा खण्डकाव्यगत विधातत्त्वहरूलाई प्रकृति र मानव सम्बन्धसँग जोडेर आख्याननिरपेक्ष शैलीको प्रस्तुति छ । यसर्थ यो कृति विधातत्त्वगत संरचनामा गुणस्तरीय रहेको ठहर्छ ।

यस खण्डकाव्यमा मानव सभ्यतामा रहेका विवेकहीनता, विभेद, असामञ्जस्यता, असन्तुष्टि, मानव मानवबिचको असमानता जस्ता बेथितिले प्रकृतिमा हानी पुगेको विषय मूल कथ्य हो । प्रकृतिबाट नै छनोट गरिएका पात्रहरूले खण्डकाव्यमा सूक्ष्म संवादको भूमिका खेलेका छन् । यसर्थ यहाँ प्रकृतिलाई मानवीकरण गरिएको छ । जीवन भोगाइकै मूर्त पात्रसँग मानव व्यवहार, अमूर्त सोच र शैलीको नकारात्मक असरलाई जोडिनुले कथात्मकता झिनो भएर पनि यो कृति बोधगम्य बन्न पुगेको छ । यसमा प्रयुक्त पात्रहरू आफैँमा जीवन्त छन् र खण्डकाव्यमा अर्थपूर्ण भूमिका निर्वाह पनि गरेका छन् । कृतिले मानवीय नकारात्मक प्रवृत्तिको विरोध गर्दै सभ्य मानव निर्माणको अपेक्षा गरेर बसुधैव कुटुम्बकमप्रति निर्देश गरेको छ । सिङ्गो मानव समुदायप्रति लक्षित यो खण्डकाव्य युगीन मानवीय जीवनशैलीको परिवेशमा आधारित छ । यसमा मान्छेका विभेदकारी सोच, छद्मरूप, अहमता आदिको द्वन्द्वात्मक व्यवहारबाट प्रकृतिमाथि परेको असर र सम्भावित समस्याप्रति सचेतना हुनुले मानव-प्रकृति सम्बन्धको विषयवस्तु अब्बल छ । सरस, सरल एवम् परिष्कृत भाषाशैलीमा रचना गरिएको प्रस्तुत खण्डकाव्यमा अनुप्रास, उपमान, उपमेय, दृष्टान्त जस्ता अलङ्कारमा सजिएको छ । यो काव्य शान्तरस प्रधान काव्य हो । यसर्थ विधातत्त्वगत संरचनाका दृष्टिले यस खण्डकाव्यलाई खण्डकाव्यीय सिद्धान्तसापेक्षित कृतिका रूपमा लिनुपर्छ ।

## सन्दर्भ सामग्री


आचार्य, कृष्णप्रसाद (२०७१), *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य,* दोस्रो संस्करण, क्षितिज प्रकाशन ।

आचार्य, विश्वनाथ (सन् १९९७), *साहित्य दर्पण,* दशौँ संस्करण, चौखम्बा सुरभारती प्रकाशन ।

जगन्नाथ (सन् २०२०), *रसगङ्गाधर,* द्वितीय संस्करण, चौखम्बा विद्याभवन ।

त्रिपाठी, वासुदेव (२०५४), *नेपाली कविता भाग-४,* साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६६), *साहित्यसिद्धान्त : शोध तथा सृजनविधि,* पाठ्यसामग्री पसल ।

थापा, हिमांशु (२०४२), *साहित्य परिचय,* दोस्रो संस्करण, साझा प्रकाशन ।

थापा, हिमांशु (२०५०), *साहित्य परिचय,* चौथो संस्करण, साझा प्रकाशन ।

दाहाल, कुमार (२०७७), *मनुमञ्जरी खण्डकाव्य,* बुलबुल पब्लिकेसन प्रा.लि. ।

पौड्याल, कृष्णविलास (२०६८), *पूर्वीय साहित्य सिद्धान्त,* श्री कृष्ण प्रकाशन गृह ।

लम्साल, नवराज (२०७७), सर्सती टिपोट मनुमञ्जरीका नाममा, *मनुमञ्जरी खण्डकाव्य,* बुलबुल पब्लिकेसन प्रा.लि. ।

शर्मा, बालचन्द्र (२०१६), *नेपाली शब्दकोश,* साझा प्रकाशन ।

शर्म्मा, सोमनाथ (२०५८), *साहित्य प्रदीप,* विद्यार्थी पुस्तक भण्डार ।

## लेखक विवरण

*विवश पौडेल* जनज्योति बहुमुखी क्याम्पस लालबन्दीमा उप-प्राध्यापक हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट मानविकी तथा सामाजिकशास्त्र सङ्कायबाट नेपाली विषयमा र व्यवस्थापन सङ्कायबाट बजारशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ । कानुनमा स्नातकसमेत गर्नुभएका पौडेल अध्यापनका अतिरिक्त सम्पादन, लेखन तथा प्रकाशन कार्यमा संलग्न हुनुहुन्छ । उहाँ लालबन्दी नगर वाङ्मय परिषद्का कोषाध्यक्ष हुनुहुन्छ । उहाँ गजल र निबन्ध लेखनमा विशेष रुचि राख्नुहुन्छ ।